# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १६ गते २०३२ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको

### सूचना

आवश्यक पदार्थ नियन्त्रण अधिकार ऐन, २०१७ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी धान चामल, खाद्यान्न दलहन र तेलहनका सम्बन्धमा श्री ५ को सरकारले सोही ऐनको दफा ७ र ८ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) बमोजिमको अधिकार देहायका क्षेत्रभित्र देहायका पदाधिकारीले प्रयोग गर्न पाउने गरी अधिकार दिएको छ।

(१) अञ्चलाधीश कार्यालय रहेको जिल्लामा अञ्चलाधीशले र अञ्चलाधीश नभए सह–अञ्चलाधीशले, सह–अञ्चलाधीश पनि नभए सहायक अञ्चलाधीशले र सहायक अञ्चलाधीश पनि नभएमा सोही जिल्लाको प्रमुख जिल्ला अधिकारीले,

) मुस्ताङ, सोलुखुम्बू, र ताप्लेजुङ्ग जिल्लाका उत्तरी सीमा प्रशासन क्षेत्रभित्र सम्बन्धित प्रशासकले,

(३) अञ्चलाधीश कार्यालय नरहेका जिल्लामा (उत्तरी सीमा प्रशासन क्षेत्रबाहेक) प्रमुख जिल्ला अधिकारीले।

खण्ड २५ मिति २०३२।६।१३ संख्या २५ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यससम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरिएको छ।

आज्ञाले–

दीर्घराज कोइराला

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण(विभाग)बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८९०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८९८